नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## विज्ञप्ति

राज्यको चौथो अंगको रुपमा रहेको पत्रकारिता जगतको भूमिका पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्दै सुशासन कायम गर्नमा महत्वपूर्ण रहने व्यहोरा विदितै छ । उल्लिखित भूमिका प्रभावकारी ढंगले निर्वाह गर्न आमसञ्चार आफैमा निष्पक्ष, मर्यादित र व्यवसायिक हुनु पर्नेमा केही सञ्चार माध्यमले यस मन्त्रालय र अन्तर्गतको विभाग तथा सुरक्षा निकायहरुलाई जोडेर पूर्णतया कपोकल्पित, भ्रामक र तथ्यहीन समाचारहरु प्रकाशन/प्रसारण गरेको पाइएकोले मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। नियोजित रुपमा तथ्यहीन र भ्रामक समाचार प्रकाशन/प्रसारण हुनु आमसञ्चार जगतको आचरण र व्यवसायिकताको दृष्टिले आफैमा लज्जापूर्ण र खेदजनक विषय हो । रचनात्मक पत्रकारिता शासन र सुशासनका लागि ऐना हो । त्यस्ता रचनात्मक समाचार र टिप्पणी मन्त्रालयको लागि सदैव पृष्ठपोषणको रुपमा रहन्छन । तथ्यहिन र भ्रामक सूचना तथा समाचारले आम सुरक्षा व्यवस्था र राज्यको सुरक्षा प्रणालीमा समेत नकारात्मक असर पार्दछ । अतः गृह मन्त्रालय त्यस्ता तथ्यहीन र भ्रामक समाचार प्रकाशन/प्रसारण नगर्न नगराउन सम्बन्धित पत्रकार र सञ्चार माध्यमलाई अनुरोध गर्दछ ।

मितिः २०७८/०५/०३

फणिन्द्रमणि पोखरेल
सहसचिव/प्रवक्ता